प्रदेश सभा कर्णाली प्रदेश वीरेन्द्रनगर, सुर्खेत

कर्णाली प्रदेशसभा नियमावली, २०७९ को नियम ११७ को उपनियम (२) बमोजिम

## विधेयकमा संशोधन प्रस्तावको विवरण

विधेयकको नामः कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठान (स्थापना र सञ्चालन) सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

(दर्ताको क्रमानुसार संशोधन प्रस्तावकर्ताको क्रम निर्धारण गरिएको)

| क्र.सं. | मा. सदस्यको नाम |
|---|---|
| १. | मा० विन्दमान विष्ट |
| २. | मा० रन सिंह परियार, मा० विर बहादुर शाही, मा० दुर्ग बहादुर रावत, मा० मिलन खड्का र मा० जुम्कित लामा |
| ३. | मा० कल बहादुर हमाल र मा० जित बहादुर मल्ल |
| ४. | मा० जीवन बहादुर शाही, मा० सुरेश अधिकारी, मा० विजया बुढा र मा० बलिमाया बुढा |
| ५. | मा० कल्याणी खड्का |

### दफाक्रमानुसार मिलाइएका संशोधन प्रस्तावहरू

| क्र.सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको | | | संशोधनको व्यहोरा | संशोधनको कारण/कैफियत |
|---|---|---|---|---|---|---|
| | | प्रस्तावना/ दफा | उपदफा | खण्ड | | |
| १. | मा० कल्याणी खड्का | | | | "२०७९" भन्ने अक्षरकौ सट्टा "२०८०" भन्ने अङ्कहरू राख्नु पर्ने | मिति सच्याई मिलाउनु पर्ने भएकोले |
| २. | मा० कल बहादुर हमाल र मा० जित बहादुर मल्ल | २ | १ | | "सदस्य" भन्नाले मनोनित सदस्य र पदेन सदस्यलाई जनाउने र अध्यक्ष, उपाध्यक्ष र सदस्य सचिवलाई "पदाधिकारी" भनेर जनाउने। | पदाधिकारी र सदस्य छुट्याउनु पर्ने |

सभामुख

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३. | मा० जीवन बहादुर शाही, मा० सुरेश अधिकारी, मा० विजया बुढा र मा० बलिमाया बुढा | २ | १ | (छ) | मूल ऐनबमोजिम दफा २ को खण्ड छ मा देहायबमोजिमको शब्दलाई यथावत राख्ने।<br>**"वा समितिको"** | यो शब्द झिकेको खण्डमा परिषद्को मात्र व्याख्या हुने।<br>समितिको सदस्य-सचिवसमेतलाई परिभाषित गर्नु पर्ने भएअनुसार मूल ऐनबमोजिम संशोधन आवश्यक नरहेको। |
| ४. | मा० कल बहादुर हमाल र मा० जित बहादुर मल्ल | मूल ऐनको दफा ६ | | | मनोनित सदस्य संख्या ४ को सट्टा ७ बनाउनुपर्ने | समावेशिता अवलम्बन गर्न र खेलकुदमा योगदान पुऱ्याएकालाई समावेश गर्न |
| ५. | मा० जीवन बहादुर शाही, मा० सुरेश अधिकारी, मा० विजया बुढा र मा० बलिमाया बुढा | ७ | १ | | मूल ऐनबमोजिमको दफा ७ को १ मा रहेको मूल व्यवस्थालाई सोहीबमोजिम यथावत राख्ने। | मूल ऐनबमोजिमको पदावधि सम्बन्धी व्यवस्था वस्तुपरक रहेकोले संशोधन आवश्यक नभएको। |
| ६. | मा० विन्दमान विष्ट | ३ | १ | | ऐनमा व्यवस्था भएको एक कार्यकाल थप गर्ने व्यवस्था कायम गर्नुपर्ने | अनुभव, कार्यकुशलतालाई हेरी थप गर्ने व्यवस्था हुँदा उपयुक्त हुने भएकोले |
| ७. | मा० जीवन बहादुर शाही, मा० सुरेश अधिकारी, मा० विजया बुढा र मा० बलिमाया बुढा | ३ | १ | | दफा ३ को उपदफा १ मा रहेको खेलकुद र परिषद् शब्द बीच रहेको देहायको शब्द झिक्ने।<br>**"विकास"**। | खेलकुद परिषद् शब्दावली यथार्थतःअभ्यासमा बढी प्रयोग हुँदै आएकोले विकास भन्ने शब्दलाई जोडी रहनु नपर्ने। |
| ८. | मा० रन सिंह परियार, मा० विर बहादुर शाही, मा० दुर्ग बहादुर रावत, मा० मिलन खड्का र मा० जुम्कित लामा | ७ (१२क) | १ | | संशोधन विधेयकमा प्रस्ताव गरिएको व्यहोरा हटाउनु पर्ने | मूल ऐनमा रहेको व्यवस्था नै कायम राखु पर्ने |
| ९. | मा० कल बहादुर हमाल र मा० जित बहादुर मल्ल | ७ | १ | | सदस्य सचिव सामाजिक विकास मन्त्रालयको सचिव वा निजले तोकेको अधिकृत हुनुपर्ने र अध्यक्षलाई पारिश्रमिक उपलब्ध गराउने व्यवस्था हुनु पर्ने। | मन्त्रालयको कर्मचारी हुँदा आर्थिक भार कम पर्ने।<br>अध्यक्ष नियमित खटिने भएकाले प्रोत्साहन गर्न |

सभामुख

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १०. | मा० रन सिंह परियार, मा० विर बहादुर शाही, मा० दुर्ग बहादुर रावत, मा० मिलन खड्का र मा० जुम्कित लामा | ७ (१२क) | ३ | | "पाउने छैन" भन्ने वाक्यांस हटाई सो को सट्टा "तोकिए बमोजिम हुनेछ" भन्ने वाक्यांश राख्नु पर्ने | अन्य थप सुविधा तोकिएबमोजिम दिनु पर्ने |
| ११. | मा० कल्याणी खड्का | ७ | | | दफा ७ को मूल ऐनमा थप गर्ने प्रस्ताव गरिएको दफा १२(क) को उपदफा (३) झिक्नु पर्ने | कर्मचारीलाई सुविधाबाट बञ्जित गर्न नहुने भएकाले |
| १२. | मा० कल बहादुर हमाल र मा० जित बहादुर मल्ल | ७ | ३ | | यो उपदफा हटाउने | स्थायी कर्मचारी हुने भएकाले |
| १३. | मा० जीवन बहादुर शाही, मा० सुरेश अधिकारी, मा० विजया बुढा र मा० बलिमाया बुढा | १६ (मूल ऐनको) | २ | | दफा १६ को उपदफा २ मा रहेको अध्यक्ष शब्द पछि देहाय बमोजिम थप्ने। "उपाध्यक्ष" । | मूल ऐनमा उपाध्यक्ष पदको व्यवस्था नभएको तर, समितिमा हाल उपाध्यक्ष पदको आवश्यकता देखिएको। |
| १४. | मा० जीवन बहादुर शाही, मा० सुरेश अधिकारी, मा० विजया बुढा र मा० बलिमाया बुढा | १६ (मूल ऐनको) | २ | | मूल ऐनको दफा १५ उपदफा २ मा खण्ड "ख" थप गरी देहाय बमोजिम राख्ने। "(ख) उपाध्यक्ष" | तर्जुमागत रुपमा पदीय मर्यादाअनुसार क्रम संख्या मिलाइएको। |
| १५. | मा० जीवन बहादुर शाही, मा० सुरेश अधिकारी, मा० विजया बुढा र मा० बलिमाया बुढा | १६ (मूल ऐनको) | २ | ख, ग, घ र ङ | खण्ड (ख) मा रहेको मनोनीत शब्द पछि देहायबमोजिम थप गर्ने।<br>"कम्तिमा दुई महिलासहित "तीन" शब्दको सट्टा "पाँच" र मूल ऐनबमोजिमको खण्डलाई देहायबमोजिम क्रमवद्ध मिलाउने।<br>**खण्ड "ग" "घ" "ङ" र "च"।** | समावेशी सिद्धान्त अनुरुप सबै क्षेत्र,लिंग एवम् वर्गको सहभागितालाई सुनिश्चित गर्नु पर्ने भएकोले र तर्जुमागत रुपमा क्रम संख्या मिलाउनु पर्ने भएको। |
| १६. | मा० जीवन बहादुर शाही, | १६ (मूल ऐनको) | २ | च | दफा १६ उपदफा २ खण्ड च मा रहेको | सामाजिक विकास कार्यालयको प्रमुखले |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | मा० सुरेश अधिकारी, मा० विजया बुढा र मा० बलिमाया बुढा | | | | प्रमुख पछिको देहायबमोजिमको शब्दलाई झिक्ने।<br>“वा प्रतिनिधि” र “सदस्यको” सट्टा “सदस्य सचिव”शब्द राख्ने। “खण्ड-छ” क्रमवद्ध मिलाउने। | सदस्य सचिवको जिम्मेवारी वहन गर्ने भएकोले र तर्जुमागत रुपमा क्रम संख्या मिलाउनु पर्ने भएको। |
| १७. | मा० जीवन बहादुर शाही, मा० सुरेश अधिकारी, मा० विजया बुढा र मा० बलिमाया बुढा | १६ (मूल ऐनको) | २ | छ | मूल ऐनबमोजिमको खण्ड “छ” नराख्ने वा झिक्ने | सदस्य-सचिवको जिम्मेवारी सामाजिक विकास कार्यालयको प्रमुखको रहने हुँदा थप छुट्टै संरचनाको आवश्यकता नहुने। |
| १८. | मा० विन्दमान विष्ट | ९ | १६क | १ | सिफारिस समितिमा मन्त्रालयको एक जना मात्रै राखी एक जना विज्ञ सदस्य राख्नुपर्ने | मन्त्रालयको सचिव र महाशाखा प्रमुख २ जना राख्नु आवश्यक नभएको |
| १९. | मा० रन सिंह परियार, मा० विर बहादुर शाही, मा० दुर्ग बहादुर रावत, मा० मिलन खड्का र मा० जुम्कित लामा | ९ | १६क | १ | परिषद् उपाध्यक्षको संयोजकत्वको सिफारिस समिति हटाई "मन्त्रालयको सचिवको संयोजकत्वमा खेलकुद महाशाखा प्रमुख एक जना खेल विज्ञ सदस्य रहने व्यवस्था बनाउनु पर्ने। | सिफारिस समिति गठन नमिलेकोले संशोधन गर्नुपर्ने |
| २०. | मा० विन्दमान विष्ट | ९ | १६ख | ख | पाँच वर्षको अनुभवलाई थप स्पष्ट परिभाषा गर्नुपर्ने | अस्पष्ट भएकोले |
| २१. | मा० जीवन बहादुर शाही, मा० सुरेश अधिकारी, मा० विजया बुढा र मा० बलिमाया बुढा | १६ (मूल ऐनको) | क र ख | | मूल ऐनको दफा १६ मा थप गरिएका देहायका उपदफाहरु झिक्ने। “उपदफा क र ख” | सदस्य-सचिवको जिम्मेवारी सामाजिक विकास कार्यालयको प्रमुखले निर्वाह गर्ने हुँदा। |
| २२. | मा० रन सिंह परियार, मा० विर बहादुर शाही, मा० दुर्ग बहादुर रावत, मा० मिलन | ९ | १६ख | ख | "पाँच वर्ष" भन्ने वाक्यांशको सट्टा "दुई वर्ष" भन्ने उल्लेख गर्नु पर्ने | कार्यालय सचिवको कार्यानुभव घटाउनु पर्ने |

सभामुख

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | खड्का र मा० जुम्कित लामा | | | | | |
| २३. | मा० विन्दमान विष्ट | १४ | १ | | संशोधनको प्रस्ताव हुटाउनु पर्ने | ऐनमा नै सोहो व्यवस्था भएको |
| २४. | मा० विन्दमान विष्ट | १७ | | | जिल्ला अदालतको ठाउँमा उच्च अदालत नै राख्नु पर्ने | मन्त्री अध्यक्ष भएको परिषद्ले गरेको निर्णय जिल्ला अदालतको विषय नहुने |
| २५. | मा० रन सिंह परियार, मा० विर बहादुर शाही, मा० दुर्ग बहादुर रावत, मा० मिलन खड्का र मा० जुम्कित लामा | १७ (दफा ३७) | | | मूल ऐनको दफा ३७ मा गरिएको संशोधन हटाउनु पर्ने | प्रदेश खेलकुद परिषद्ले गरेको निर्णय भएकोले |
| २६. | मा० जीवन बहादुर शाही, मा० सुरेश अधिकारी, मा० विजया बुढा र मा० बलिमाया बुढा | ३७ | | | मूल ऐनबमोजिमको व्यवस्थाअनुसार "जिल्ला अदालतको" सट्टा "उच्च अदालत" कायम राख्ने। | परिषद्ले गरेका काम कारवाहीसम्बन्धी विषयमा पुनरावलोकन/पुनरावेदन गर्नु पर्ने भएकोले। |
| २७. | मा० जीवन बहादुर शाही, मा० सुरेश अधिकारी, मा० विजया बुढा र मा० बलिमाया बुढा | १७ | १ | | मूल ऐनबमोजिमको दफा १७ को १ मा रहेको मूल व्यवस्थालाई सोहीबमोजिम यथावत राख्ने। | मूल ऐनबमोजिमको पदावधि सम्बन्धी व्यवस्था वस्तुपरक रहेकोले संशोधन आवश्यक नभएको। |
| २८. | मा० विन्दमान विष्ट | १८ | | | प्रस्तावित शब्द मात्रै राख्दा अस्पष्ट हुने भएकाले भाषा मिलाउनु पर्ने | भाषा मिलान गर्नु पर्ने |
| २९. | मा० विन्दमान विष्ट | १९ (२६ ४१) | | | ऐनको दफा २६ को व्यवस्था र संशोधनको प्रस्ताव गरिको दफा ४१ लाई स्पष्ट पार्नु पर्ने | आपसमा बाझिने भएकाले |
| ३०. | मा० कल्याणी खड्का | १९ | | | दफा १९ द्वारा मूल ऐनमा थप गर्ने प्रस्ताव गरिएको दफा ४१(ख) मा रहेका "प्रदेश सरकार" भन्ने शब्दहरूको सट्टा | यो व्यवस्था परिषद्ले गर्न उपयुक्त हुने भएकोले |

सभामुख

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | "परिषद्" भन्ने शब्द राख्नु पर्ने | |
| ३१. | मा० जीवन बहादुर शाही, मा० सुरेश अधिकारी, मा० विजया बुढा र मा० बलिमाया बुढा | २५ | १ र २ | | मूल ऐनको दफा २५ र थप भएका देहायबमोजिम उपदफालाई झिक्ने। "२५" २५(१) र (२) | कार्यालय सचिव/सदस्य-सचिवको भूमिका सामाजिक विकास कार्यालयको हुने र थप संरचना नचाहिने। |
| ३२. | मा० रन सिंह परियार, मा० विर बहादुर शाही, मा० दुर्ग बहादुर रावत, मा० मिलन खड्का र मा० जुंम्कित लामा | | | | मूल ऐनको ठाउँठाउँमा रहेका "खेलकूद विकास परिषद्" भन्ने शब्दको सट्टा "कर्णाली प्रदेश खेलकुद परिषद्" राख्नु पर्ने | प्रदेश खेलकुदले नामकरण लामो भएकोले "विकास र परिषद्" एकै ठाउँमा भएको |

क. सं. १ देखि ३२ सम्मका संशोधन प्रस्तावहरू छलफलका लागि स्वीकृत।

२०७८/१/१८ गते

(नन्दा गुरुङ्ग)

सभामुख

सभामुख,

कर्णाली प्रदेशसभा, कर्णाली प्रदेश

प्रदेश सभा कर्णाली प्रदेश वीरेन्द्रनगर, सुर्खेत